# लम्पी स्किन रोग (LUMPY SKIN DISEASE)

यो रोग एक विषाणु (Viral) जन्य गाईभैंसीलाई हुने एकदमै सङ्क्रामक सरुवा रोग हो। यसको मृत्युदर १% देखि ५% सम्म देखिएको छ भने यो रोग हाल महामारीको रुपमा देशैभर फैलिरहेको अवस्था छ।



## गाईभैंसीमा लम्पी स्किन रोगका लक्षणहरु:

१. कचेरा निकाल्ने, सिँगान निकाल्ने तथा फिँज निकाल्ने

२. शरीरका विभिन्न भागहरु घाँटी, पछाडीको खुट्टा , पेट तथा थुनको वरीपरी साना देखि ठूला गिर्खा/गाँठागुँठी देखिने।

३. उच्च ज्वरो आउने (१०४ डिग्री फरेनहाईट भन्दा माथि)

४. गर्भ तुहिने, दुध उत्पादन घट्ने (३०% देखि ८०% सम्म)।







## निरोगी पशुहरुमा लम्पी स्किन रोग सर्ने माध्यमहरु:







१. लामखुट्टे , झिंगा , किर्ना आदिको टोकाईबाट

२. संक्रमित र निरोगी गाईभैंसी बिचको प्रत्यक्ष वा अप्रत्यक्ष सम्पर्कबाट

३. संक्रमित पशुहरुलाई प्रयोग गरिएको निडीलको (सुई) प्रयोगबाट

४. संक्रमित गाईभैंसीको ओसारपसारबाट आदि।

## उपचार तथा रोकथामको उपायहरु:

१. यो रोगको ठोस उपचार छैन, प्राविधिकको सल्लाह बमोजिम लक्षणको आधारमा उपचार गर्ने

२. ज्वरो घटाउनको लागि पारासिटामोल वा मेलोक्सिकेम प्रयोग गर्ने

३. फुटेको वा आलो घाउ सफा गरी एन्टिसेप्टिक मलम प्रयोग गर्ने

४. संक्रमित क्षेत्रबाट गाईभैंसीको ओसारपसार नगर्ने

५. लामखुट्टे , झिंगा , किर्ना आदिको नियन्त्रण गर्ने र गोठ वरिपरीको वातावरण सफा राख्ने

६. बिरामी पशुलाई छुट्टै राखि उपचार गर्ने

७. ज्वरो आएको पशुलाई जोत्ने, गाडा तान्ने काममा नलगाई आराम गराउने

८. रोग विरुद्दको खोप लगाउने आदि।

**भेटेरिनरी अस्पताल तथा पशुसेवा बिज्ञ केन्द्र सिराहा**

**मधेस प्रदेश, नेपाल**